नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
सामान्य सेवा विभाग

# नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय परिसर भित्र रहेको पुराना मालसामान लिलाम विक्री गर्ने बारेको सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मिति २०७८/१२/०९)**

यस बैंकको नाममा रहेको तपसीलमा उल्लेखित पुराना सवारीसाधन तथा मालसामान खरिद गर्न इच्छुक संगठित संस्था/फर्म वा व्यक्तिले के कति मूल्य तिरि लिने हो मूल्य खोलि यस बैंकबाट उपलब्ध गराइएको बोलपत्र फाराम भरी बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा बोलपत्र पेश गर्नुहुन आव्हान गरिएको छ ।

**तपसील**

१. पुराना सामानहरुको कुल न्यूनतम लिलामी (बिक्री) मुल्य रु.२८,७६,०८०/-(अक्षरेपी अट्ठाइस लाख छहत्तर हजार असी मात्र) हुनेछ । तपसीलमा उल्लेखित समुह क र ख को सवारीसाधनहरुको हकमा प्रत्येक सि.नं.को छुट्टाछुट्टै तथा समुह ग र घ को हकमा एकमुष्ठ अथवा छुट्टाछुट्टै हुनेगरी बोलपत्र पेश गर्न सकिनेछ । उल्लेखित मुल्य भन्दा घटि रकमका बोलपत्र स्वीकार गरिने छैन । स्वीकार गरिएका लिलामी सामानहरु एकमुस्ट रुपमा लैजानु पर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात मिति २०७८।१२।२३ गते बुधबारसम्म कार्यालय समयभित्र यस विभागबाट बोलपत्र फाराम प्राप्त गरी वा यस बैंकको बेभसाइट (www.nepalbank.com.np) बाट डाउनलोड गरी भर्नु पर्नेछ र सो दिन बिदा परेमा सोको भोलि पल्ट सोहि समय सम्ममा बोलपत्र फाराम लिन सकिने छ । बोलपत्र फारम बैंकमा पेश गदा बोलपत्र फाराम दस्तुर बापत रु.१,०००/- (पछि फिर्ता नहुने गरी) यस बैंकको काठमाण्डौं बैंकिङ्ग अफिसको हिसाब नं.००२००१०६७११२८३००००००१ मा जम्मा गरेको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । उक्त भौचर समावेश नगरी पेश भएको बोलपत्र फारम बैंकलाई मान्य हुने छैन ।

३. बोलपत्र पेश गर्दा खाम बाहिर कबोल सकार गर्ने समुह तथा सि.नं. प्रस्ट रुपमा उल्लेख गरी सिलबन्दी बोलपत्र भनी उल्लेख गर्नु पर्नेछ ।

४. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्दा सो फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नं.(प्यान नं.) प्रमाणपत्र तथा आ.व. २०७७/०७८ सम्मको कर चुक्ता/दाखिला प्रमाणको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

५. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०७८।१२।२४ गते,बिहिबार बिहान ११:३०बजे सम्म दर्ता भएका बोलपत्र सोहि दिनको १२:३० बजे बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परी कार्यालय बन्द रहेमा सो को भोली पल्ट सोही समयमा खोलिने छ ।

६. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको अढाई प्रतिशतले हुने बराबरको रकम यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिस, धर्मपथ प्र.का. हिसाव नं.००२००१०६७११२८००००००१ मा नगदै जम्मा वा कम्तीमा ३ महिनाको म्याद भएको "क" वर्गको अन्य वाणिज्य बैंक (नेपाल बैंक बाहेक)को बिड बण्ड धरौटी बापत पेस गर्नुपर्नेछ ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्रदातालाई दिइने छैन ।

८. पुराना मालसामानहरु हेर्न चाहनेले यस विभागमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ । बोलपत्र स्वीकृत भएको जानकारी दिएको १५ दिन भित्र आफुले कबुल गरेको सम्पूर्ण रकम जम्मा गरी पुराना मालसामान लिएर जानु पर्नेछ । उल्लेखित समय भित्र बाँकी रकम जम्मा गरी सामान नलगेमा धरौटी बापतको रकम जफत हुनेछ ।

९. रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा न्युनतम मूल्यभन्दा घटी मूल्य अंकित भएको वा शर्तहरु राखी पेस भएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन । बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरु स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०. बिना धरौटी वा कम धरौटी वा नियम विपरित भई प्राप्त हुन आएका बोलपत्रहरु स्वतः रद्द हुनेछ । बोलपत्र दर्ता भए पछि फिर्ता हुने छैन । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

११. सिलबन्दी बोलपत्र पेश गर्दा उल्लेखित छुट्टाछुट्टै समुहको सिलबन्दी बोलपत्र पेस गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको सम्पूर्ण बोलपत्र फाराम (नियम एवं शर्त सुविधा र आवारण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पानाको अन्त्यमा बोलपत्रदाताले अनिवार्य रुपमा दस्तखत गरी कम्पनी/फर्म/संस्थाको हकमा छाप समेत लगाएको हुनु पर्नेछ ।

**तपसील**

| सि.नं. | लिलाम हुने मालसामानको बिबरण | न्युनतम मुल्य (रु.) |
|---|---|---|
| | **समुह क** | |
| १. | Toyota Qualish/2466 cc (BA.4.Cha.8565)/ Make Year 2004 | ५,००,०००।- |
| २. | Mitsubishi Pajero/2500cc (Ba.1.Cha.9718)/ Make Year 1988 | ४,००,०००।- |
| ३. | Toyota Corola/1497cc (BA.4.Cha.4151)/ Make Year 2003 | ७,००,०००।- |
| | **समुह ख** | |
| १. | Bajaj Auto CT100 (BA.22.PA2698)/ Make Year 2006 | २०,०००।- |
| २. | Yamaha Gladiator (BA.25.PA9286)/Make Year 2006 | २५,०००।- |
| ३. | Bajaj CT100 (BA.20.PA5828)/ Make Year 2005 | २०,०००।- |
| ४. | Bajaj CT100 (BA.22.PA3788)/ Make Year 2006 | २०,०००।- |
| ५. | Yamaha Gladiator (BA.26.PA.8619)/Make Year 2006 | २०,०००।- |

| | | |
|---|---|---|
| ६. | Honda Unicorn (BA.45.PA6617)/ Make Year 2011 | ४०,०००।- |
| | **समुह ग** | |
| १. | Diesel Generator300KVA | समुह ग मा उल्लेखित सामानहरुको जम्मा मुल्य रु.४,५७,०००।- |
| २. | Transformer 315KVA | |
| ३. | 10KVA online UPS | |
| | **समुह घ** | |
| १. | काठजन्य फर्निचरहरु (सोफा, टेबुल, र्‍याक, टि टेबुल, कम्प्युटर टेबुल, ढोका, ड्रम आदि) | समुह घ मा उल्लेखित सामानहरुको जम्मा मुल्य रु.६,७४,०८०।- |
| २. | स्टिल जन्य फर्निचरहरु (टेबुल, दराज, फाइल क्याबिनेट, र्‍याक, कुर्सि आदि) | |
| ३. | प्लास्टिक जन्य (ड्रम, कुर्सि, आदि) | |
| ४. | कम्प्युटर जन्य (प्रिन्टर, किबोर्ड, लेजर प्रिन्टर, नोट काउण्टिङ्ग मेशिन, मनिटर,फ्याक्स मेशिन, युपियस,स्कानर, सिपियु, ठुलो फोटोकपि मेशिन, सर्भर, भोल्टेज रेगुलेटर ,राउटर आदि) | |
| ५. | अन्य (टायर , फाइबर पाता, टेप रेकर्डर, पेपर सेडर, ठुलो पंचिङ्ग मेशिन, हिटर, A/C, टेलिफोन, मेटल डिटेक्टर, हटपट, सिलिङ्ग फ्यान,स्ट्याण्ड फ्यान, एक्जस्ट फ्यान, चेक राइटर, ब्याट्री, युपियस ब्याट्री, भ्याकुम क्लिनर,स्विच आदि) | |
| | **कुल रकम** | **रु.२८,७६,०८०।-** |

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सामान्य सेवा विभाग

नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
सामान्य सेवा बिभाग

# पुराना मालसामान लिलाम बिक्रि गर्ने बारे गोप्य सिलबन्दी बोलपत्र फाराम

बोलपत्र फाराम मुल्य रु.१,०००।-(एक हजार मात्र)
(रकम पछि फिर्ता नहुने गरी)

बोलपत्र फारम जम्मा (आवरण पृष्ठ समेत) ४ पेजको छ ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सामान्य सेवा विभाग

## गोप्य सिलबन्दी बोलत्रदाताले पालना गर्नुपर्ने नियम एवं शर्त सुबिधा:

१.बोलपत्र फारमका लागी गोरखापत्रमा प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७८।१२।०९ ले १५ औं दिन (मिति २०७८/१२/२३ गते बुधबार) कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु.१,०००।- (पछि फिर्ता नहुने गरी) यस बैंकको काठमाण्डौं बैंकिङ्ग अफिस,धर्मपथ स्थित प्र.का.हि.नं.००२००१०६७११२८३००००१ मा जम्मा गरी सोको सक्कल भौचर बोलपत्र कागजात सँगै पेश गर्नु पर्नेछ ।

२. बोलपत्र पेस गर्दा खाम बाहिर पुराना मालसामान लिलाम बिकि सिलबन्दी बोलपत्र भनी कबोल सकार गर्ने समुह तथा सि.नं. प्रस्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

३. सिलबन्दी बोलपत्र यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०७८/१२/२४ गते, बिहिबार बिहान ११:३० बजेसम्म यस बिभागमा पेश गर्नुपर्ने छ । यस बिभागमा प्राप्त सिलबन्दी बोलपत्रहरु १६ औं दिन अर्थात मिति २०७८/१२/२४ गते बिहिबार दिनको १२:३० बजे यस बिभागमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाध्य पर्ने छैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परी कार्यालय बन्द रहेमा सो को भोलीपल्ट सोही समयमा खोलिनेछ ।

४. पुराना माल सामानहरुको कुल न्यूनतम लिलामी (बिक्री) मुल्य रु.२८,७६,०८०।- (अक्षरेपी अट्ठाईस लाख छहत्तर हजार असि मात्र) हुनेछ । सूचनामा उल्लेखित समुह क र ख को सवारीसाधनहरुको हकमा प्रत्येक सि.नं.को छुट्टाछुट्टै तथा समुह ग र घ को हकमा एकमुष्ठ अथवा छुट्टाछुट्टै हुनेगरी बोलपत्र पेश गर्न सकिनेछ । सो मुल्य भन्दा घटि रकमका बोलपत्र स्वीकार गरिने छैन । स्वीकार गरिएका लिलामी सामानहरु एकमुष्ट रुपमा लैजानु पर्नेछ ।

५. उल्लेखित मालसामानहरुको कबोल मुल्य जुन बोलपत्रदाताको अधिकतम हुन्छ सोलाई बैंकको निर्णयअनुसार मालसामान उपलब्ध गराउन सकिनेछ ।

६. बोलपत्रदाताले कबोल मूल्यको न्यूनतम अढाई प्रतिशतका दरले हुन आउने रकम प्र.का.हि.नं.००२००१०६७११२८००००००१ मा नगद जम्मा गरेको भौचर वा कम्तिमा ३ महिना म्याद भएको 'क' बर्गका बैंक (नेपाल बैंक बाहेक) द्वारा जारी बिड बण्ड जमानत सिलबन्दी बोलपत्रसंगै पेश गरेको हुनु पर्नेछ । बोलपत्र स्वीकृत भएको जानकारी दिएको १५ दिनभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम जम्मा गरी सामान लैजानु पर्नेछ ।

७. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सो को कारण बोलपत्र दातालाई दिइने छैन ।

८. रित नपुगेको र म्याद नाघी आएको बोलपत्र तथा बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्र फारममा दर रेट अंक एवं अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । यदि अंक र अक्षरमा लेखेको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. बोलपत्र बुझाउँदा बैंकले उपलब्ध गराएको सम्पूर्ण बोलपत्र फारामनै (नियम एवं शर्त सुविधा र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको प्रत्येक पेजको पुछारमा बोलपत्रदाताले सही गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED
प्रधान कार्यालय, सामान्य सेवा विभाग

नेपाल बैंक लिमिटेड
प्रधान कार्यालय,सामान्य सेवा विभाग
धर्मपथ, काठमाडौ ।

**विषयः- सिलवन्दी बोलपत्र पेश गरेको बारे ।**

महाशय,

त्यस बैंकको तपसीलमा उल्लेखित पुराना मालसामानहरु गोप्य सिलबन्दी बोलपत्रद्धारा लिलाम बिकि गर्ने बारे मिति २०७८।१२।०९ गतेको गोरखापत्रमा प्रकाशित गोप्य सिलबन्दी बोलपत्र सम्वन्धी सूचना अनुसार यस फारमको संलग्न पेजमा उल्लेखित मुल्यमा खरिद गर्न मेरो/हाम्रो मन्जुरी भएकोले यो गोप्य बोलपत्र पेश गरेकोछु । गरेका छौं । यस बोलपत्र पेश गर्दा फारममा संलग्न शर्त सुविधाहरु पढी बुझि सो नियम एवं शर्त सुविधाहरु मान्न मन्जुर गरेको छु। गरेकाछौं । बोलपत्रमा उल्लेख गरिए अनुसारको पुराना मालसामानको एकमुष्ठ/ समुह........./सि.नं..... जम्मा मुल्यको नियमानुसार न्यूनतम अढाई प्रतिशतका दरले हुन आउने रकम धरौटी वापत जम्मा मुल्य रु....................../-(अक्षरेपी ........................................मात्र) बैंकमा नगदै जम्मा गरी सो को नगदी रसिद थान/बैंक ग्यारेण्टी यसै साथ संलग्न गरेको छु। गरेका छौं ।

मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा बोलपत्र फाराम साथ संलग्न नियम एवं शर्तका अनुसार उल्लेखित मालसामानहरु खरिद गर्नेछु/गर्नेछौं ।

तपसील

| सि.नं. | लिलाम हुने मालसामानको बिबरण | न्युनतम मुल्य (रु.) | कबोल गरेको रकम अंक र अक्षरमा |
|---|---|---|---|
| | **समुह क** | | |
| १. | Toyota Qualish/2466 cc (BA.4.Cha.8565)/ Make Year 2004 | ५,००,०००।- | |
| २. | Mitsubishi Pajero/2500cc (Ba.1.Cha.9718)/ Make Year 1988 | ४,००,०००।- | |
| ३. | Toyota Corola/1497cc (BA.4.Cha.4151)/ Make Year 2003 | ७,००,०००।- | |
| | **समुह ख** | | |
| १. | Bajaj Auto CT100 (BA.22.PA2698)/ Make Year 2006 | २०,०००।- | |
| २. | Yamaha Gladiator (BA.25.PA9286)/Make Year 2006 | २५,०००।- | |
| ३. | Bajaj CT100 (BA.20.PA5828)/ Make Year 2005 | २०,०००।- | |
| ४. | Bajaj CT100 (BA.22.PA3788)/ Make Year 2006 | २०,०००।- | |
| ५. | Yamaha Gladiator (BA.26.PA.8619)/Make Year 2006 | २०,०००।- | |
| ६. | Honda Unicorn (BA.45.PA6617)/ Make Year 2011 | ४०,०००।- | |
| | **समुह ग** | | |
| १. | Diesel Generator300KVA | समुह ग मा उल्लेखित सामानहरुको जम्मा मुल्य रु.४,५७,०००।- | |
| २. | Transformer 315KVA | | |
| ३. | 10KVA online UPS | | |
| | **समुह घ** | | |
| १. | काठजन्य फर्निचरहरु (सोफा, टेबुल, र्‍याक, टि टेबुल, कम्प्युटर टेबुल, ढोका, ड्रम आदि) | समुह घ मा उल्लेखित सामानहरुको जम्मा मुल्य रु.६,७४,०८०।- | |
| २. | स्टिल जन्य फर्निचरहरु (टेबुल, दराज, फाइल क्याबिनेट, र्‍याक, कुर्सि आदि) | | |
| ३. | प्लास्टिक जन्य (ड्रम, कुर्सि, आदि) | | |

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, सामान्य सेवा विभाग

| | | | |
|---|---|---|---|
| ४. | कम्प्युटर जन्य (प्रिन्टर, किबोर्ड, लेजर प्रिन्टर, नोट काउण्टिङ्ग मेशिन, मनिटर,फ्याक्स मेशिन, युपियस,स्कानर, सिपियु, ठुलो फोटोकपि मेशिन, सर्भर, भोल्टेज रेगुलेटर ,राउटर आदि) | | |
| ५. | अन्य (टायर , फाइबर पाता, टेप रेकर्डर, पेपर सेडर, ठुलो पंचिङ्ग मेशिन, हिटर, A/C, टेलिफोन, मेटल डिटेक्टर, हटपट, सिलिङ्ग फ्यान,स्ट्याण्ड फ्यान, एक्जस्ट फ्यान, चेक राइटर, ब्याट्री, युपियस ब्याट्री, भ्याकुम क्लिनर,स्विच आदि) | | |
| | **कुल रकम** | **रु.२८,७६,०८०।-** | |

भवदीय,

(क) सिलबन्दी बोलपत्र पेश गर्ने व्यक्ति / फर्मको पुरा नाम

(ख) पुरा ठेगाना : (फोन नं. समेत)

(ग) फर्म रजिष्टर्ड नं.

(घ) रजिष्टर भएको कार्यालय :

(ङ) फर्मको छाप :

मिति :

दस्तखत :

(व्यक्ति । फर्मको तर्फबाट सहि गर्ने)

नाम, थर :

ठेगाना :

(फोन नं. समेत)